# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७४/०७५
चलानी नं. :- ११६

मिति :- २०७४/०५/०१

**विषय : स्थलगत अनुगमन सम्बन्धमा ।**

**श्री १ देखि ९ नं. वडा कार्यालय,**
**दक्षिणकाली नगरपालिका ।**

उपर्युक्त सम्वन्धमा मिति २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प र सो पछिका पराकम्पनबाट क्षतिग्रस्त भएका घरहरुको पुनर्निर्माणको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्रथम किस्ताको रकम वितरण गरि सकिएको हुँदा अनुदान रकम लिएर भवन निर्माण कार्य नगरेको र नक्सापास विना भूकम्प पीडितहरुले बनाएको घर कति छन् ? एकिन गर्न सम्बन्धित वडा समितिका सदस्य र नगर कार्यपालिका सदस्यहरुको समिति बनाई स्थलगत अनुगमन गर्ने र नक्सा पास विना निर्माण भएका भवनहरुलाई प्राविधिक सुझाव सहित मापदण्डको दायरामा ल्याई नक्सापास प्रकृयामा ल्याउन प्राविधिक कर्मचारीहरु सहितको समुह बनाई स्थलगत निरीक्षण गराउन मिति २०७४।०४।१९ गतेको सातौ नगर कार्यपालिकाको बैठकबाट निर्णय भएको हुँदा सोहि व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै खटाईएका प्राविधिक कर्मचारीहरुसंग समन्वय गरी कार्य अगाडी बढाउनु हुन अनुरोध छ ।

**प्राविधिक कर्मचारीहरु :**

वडा नं. १, २, ३, ४, ५ र ९ ई. श्री मनोज बुढाथोकी, सव-ई. श्री लक्ष्मी श्रेष्ठ र सव-ई. श्री बासुदेव बलामी

वडा नं. ६, ७ र ८ ई. श्री अंकिता सिंह, सव-ई. श्री द्वारिका श्रेष्ठ र अ. सव-ई. श्री सुवास के.सी.

.............................
**सुशीला पौडेल (ढकाल)**
(कार्यकारी अधिकृत)

**बोधार्थ :**
**श्री प्राविधिक शाखा,**
**दक्षिणकाली नगरपालिका ।**


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ १ ४७१००२८
Email: info@daxinkalimun.gov.np, Website: www.daxinkalimun.gov.np